Gulf

NEPAL LUBE OIL LIMITED

ल्यू.का.का.: २०८१।८२ च.नं. : ९८

मिति : २०८१।०५।२६

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सेन्ज लि.
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

श्री सि.डि.एस.एण्ड क्लियरिगं लि.
पुतलिसडक, काठमाण्डौं ।

श्री कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौं ।

श्री NIMB ACE Capital लि.
लाजिम्पाट, काठमाण्डौं

विषय : तेत्तिसौ वार्षिक साधारण सभा, प्रस्तावित लाभांस वितरण र शेयर दाखिल खारेज किताव बन्द रहने सम्बन्धमा ।

महोदय,

उपरोक्त विषयमा यस कम्पनीको आज मिती २०८१।०५।२६ गते दिउसों ३:०० बजे बसेको ३७६ औं सञ्चालक समितीको वैठकको **सर्वसम्मत** निर्णयले कम्पनीको तेत्तिसौ बार्षिक साधारण सभा तपसिलमा उल्लेख भए बमोजिम गर्ने व्यहोरा जानकारी गराउदछौ । साथै सोहि निर्णय बमोजिम साधारण सभा प्रयोजनको निमित्त कम्पनीको शेयर दाखिल खारिजको काम मिति २०८१।०६।०४ देखि २०८१।०६।१८ सम्म बन्द रहने छ ।

यस कम्पनीको कार्यालय रहेको स्थान त्रिपुरेश्वरमा मिती २०८१।०५।२५ गतेदेखि बिद्युत्तिय, टेलिफोन लगायत फाइबरका केबलको मर्मत संभारका कारण सम्पुर्ण फाइबर नेटवर्कहरु अबरुद्ध भई वेबसाईट, इमेल लगायत कम्पनीको IP address बन्द रहेकोले अनलाईन मार्फत विवरण दाखिला गर्न कठिनाई भएकोले यो पत्र यस कार्यालयमा पेश गरेका हौ । साथै मिती २०८१।०५।२६ को ३७६ औं सञ्चालक समितीको बैठकको प्रस्ताव तथा निर्णयहरुको प्रमाणित निर्णय उतार यसै पत्र साथ संलग्न गरेका छौ ।

१. **तेत्तिसौ वार्षिक साधारण सभाको मिती, समय र स्थान:**

**मिती : २०८१।०६।१८ (04th October, 2024)**

समय : बिहान ११:३० बजे

स्थान : याक प्लालेस, पुल्चोक, ललितपुर

२. **तेत्तिसौ वार्षिक साधारण सभाको निमित्त प्रस्तावहरु:**

क) आ.ब.२०८०।८१को सञ्चालक समितिको प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

ख) आ.व.२०८०।८१ को लेखा परीक्षकको प्रतिवेदन, २०८१ आसार मसान्तको वासलात र आ.व.२०८०।८१ को आय विवरण र सोही अवधिको नगद प्रवाह विवरण छलफल गरि स्वीकृत गर्ने ।

कम्पनी सचिव
नेपाल ल्यूब आयल लि.

**नेपाल ल्युब आयल लिमिटेड**

साकेत कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौं, नेपाल फोनः +९७७-१-५९०१०६१/६२, ५९०१०६३, फ्याक्सः +९७७-१-५५४६२२३पो.ब.नं.:१९१६, कारखानाः अमलेखगंज, बारा, फोनः +९७७-५३-५७०१०४
ई-मेलः nlol@nepallubeoil.com, वेबसाइटः www.nepallubeoil.com

NEPAL LUBE OIL LIMITED

ग) सञ्चालक समितिको ३७६ औं बैठकले सिफारिस गरे बमोजिम २० प्रतिशत बोनस शेयर तथा ५ प्रतिशत नगद लाभांस वितरणको निमित्त स्वीकृत गर्ने । साथै प्रस्तावित वोनस सेयर बराबरको चुक्ता पुंजी वृद्धि गर्ने ।

घ) आ.व.२०८१।८२ को कारोबारको हिसाब लेखा परीक्षण गर्नका निमित्त लेखा परिक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने । लेखा परिक्षकमा ए.आई.एसोसिएट्स, प्रमाश एण्ड एसोसिएट्स, पि.के.पि.एसोसिएट्स को प्रस्ताव आएको र सबैको प्रस्तावित पारिश्रमिक ICAN ले निर्धारण गरेबमोजिमको न्युनत्तम रहेको छ ।

ङ) विविध ।

२.१.१ **विषेश प्रस्ताव**

क) कम्पनीको साधारण शेयरहरु प्रचलित ऐन नियम बमोजिम प्रिमियम मूल्यमा थप सार्वजनिक निश्काशन (Further Public Issue) (FPO) गर्ने सम्बन्धमा ।

ख) कम्पनीको साधारण शेयर प्रिमियम मूल्यमा थप सार्वजनिक निष्कासन (Further Public Issue)(FPO) पश्चात् प्राप्त पूँजीको उपयोग सम्बन्धमा ।

ग) माथिको प्रस्तावहरु स्विकृत पश्चात सोहिको निमित्त कम्पनीको अधिकृत, जारी तथा चूक्त पूँजी वृद्धि गर्न प्रबन्धपत्र संसोधन गर्ने ।

घ) कम्पनीका सञ्चालक समिती सदस्य श्री करण कुमार चौधरीलाई कम्पनीको प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत (MD & CEO) मा नियुक्त गरिएकोले सो र निजको सर सुविधा निर्धारण गर्नका लागी साधारण सभामा अनुमोदनको निमित्त प्रस्ताव पेश गर्ने ।

ङ) अधिकृत पुंजी, जारी पुंजी तथा चूक्ता पुंजी वृद्धी गर्ने, कम्पनीको साधारण शेयरहरु प्रिमियम मूल्यमा थप सार्वजनिक निश्काशन गर्नको निमित्त र अन्य सवै कार्यको निमित्त कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्न विवरणहरु तयार गरी श्री कम्पनी रजिष्ट्रारको कार्यलय तथा अन्य आवश्यक नियमन संस्थाहरुमा पेश गर्न तथा आवश्यक अन्य कार्य गर्न गराउन आवश्यक्ता अनुसार अन्य कोई कसैलाई नियुक्ती गर्न वा कसैलाई अख्तियारी प्रदान गर्न संचालक समितीलाई पुर्ण रुपमा अख्तीयारी प्रदान गर्ने ।

च) विविध ।

## साधारण सभाहुने सम्बन्धमा अन्य सामान्य जानकारी

१. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएकोमा सो प्रतिनिधिपत्र कम्पनीको कर्पोरेट कार्यालय, साकेत भवन, त्रिपुरेश्वर, काठमाण्डौंमा सभा सुरु हुनुभन्दा कम्तीमा ७२ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ । सेयरवालाको नाम सेयर संख्या र दस्तखत नमिलेको प्रतिनिधिपत्र रद्ध हुन्छ ।
२. उपस्थित गणपुरक संख्या सभा संचालनको निमित्त निर्द्धिश्ट संख्या अनुसार पर्याप्त भएमा मात्र सभा संचालन हुने छ ।
३. साधारण सभा प्रयोजनका लागि कम्पनीको शेयर दाखिल खारिजको काम मिति २०८१।०६।०४ देखि २०८१।०६।१८ सम्म बन्द रहने छ ।
४. साधारण सभाको सूचना र आर्थिक विवरण सेयरधनीको दर्ता किताबमा कायम रहेको ठेगानामा पठाइने छ ।
५. साधारण सभा सम्बन्धी अन्य कुराहरुको जानकारी आवश्यक भएमा कम्पनीको कर्पोरेट कार्यालय, साकेत भवन, त्रिपुरेश्वरमा, कार्यालय समयमा सम्पर्क राखी लिन सकिने छ ।

भवदीय,

गंगा राज भट्टराई
कम्पनी सचिव

**नेपाल ल्युब आयल लिमिटेड**

साकेत कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौं, नेपाल फोनः +९७७-१-५९०१०६१/६२, ५९०१०६३,
फ्याक्सः +९७७-१-५५४६२२३पो.ब.नं.:१९१६, कारखानाः अमलेखगंज, बारा, फोनः +९७७-५३-५७०१०४
ई-मेलः nlol@nepallubeoil.com, वेबसाइटः www.nepallubeoil.com